"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.): ०८१/०८२
चलानी नं. (Reg. No.):

पशु सेवा शाखा

## प्रस्ताव आवहानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/१०/१३

यस महालक्ष्मी नगरपालिका पशु सेवा शाखाको आ.ब. २०८१/०८२ को बागमति प्रदेश सरकारको सशर्त अनुदानको स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम **बागमति प्रदेश सरकारको स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१** अनुसार सहभागी हुन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरु/दुध संकलन केन्द्रहरु र दुग्ध व्यवसाय सञ्चालन गर्ने बहुउदेश्यीय सहकारी संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सूचित गरिन्छ । साथै रीत नपुगी र म्याद नाघि प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा जानकारी समेत गराइन्छ ।

**आवेदक सस्थाले पुरा गर्नुपर्ने न्यूनतम मापदण्डहरु**

- महालक्ष्मी नगरपालिका वा आधिकारीक निकायमा दर्ता भएको १ वर्ष पुरा भएको हुनुपर्ने ।
- आवेदक संस्थाले नियमित रुपमा साधारण सभा र लेखा परीक्षण गरेको हुनुपर्ने ।
- स्थायी लेखा नंम्वर लिएको र करचुक्ता भएको हुनुपर्ने ।
- दुध उत्पादक कृषकहरु महालक्ष्मी नगरपालिका क्षेत्रभित्र पशुपालन गरी दुध उत्पादन गरिरहेको हुनुपर्ने ।
- आबेदक संस्थाले दुध उत्पादन गर्ने कृषकको नामावली र दैनिक दुध बिक्रि परिणामको बिबरण स्पस्ट राखेको हुनुपर्ने ।
- दैनिक दुध खरीद गरेको विवरण कृषकको नामावली सहित दैनिक संकलन गरेको परिणाम सम्वन्धित वडा कार्यालयबाट प्रमाणित गरेको हुनुपर्ने ।
- आवेदक संस्थाले मासिक कम्तीमा १५०० लीटर दुध संकलन गरेको हुनुपर्ने ।
- आवेदक संस्थासँग सकलन गरेको दुध खरीद र बिक्रि वितरण गरेको प्रमाणित कागजात हुनुपर्ने ।
- कार्यक्रममा सहभागी गराउने सम्वन्धित वडा कार्यालयको सिफारिस-पत्र ।
- बिगत बर्षहरुमा कुनै किसिमको कारवाहीमा नपरेको र अन्य कुनै निकायबाट समान प्रकृतिको अनुदान रकम नलिएको स्वघोषणा गर्नु पर्ने ।
- आवेदक संस्थामा दुध बिक्रि वितरण गर्ने कृषक दलित, विपन्न र महिला सहभागी छ भने ती आवेदक संस्थालाई प्राथमिकता प्रदान गरिनेछ ।
- दुध उत्पादनमा प्रोत्साहन अनुदान रकम विनियोजित बजेटको परिधि भित्र रही २०८० को श्रावण १ गते देखि २०८१ असार मसान्तसम्मको दुध उत्पादनको आधारमा कार्यविधिले तोके बमोजिम बढीमा प्रति लीटर रु.५/- सम्म उपलव्ध गराइनेछ ।
- पेश गरेको प्रस्ताव झुठा विवरण ठहरिएमा प्रस्ताव स्वतः अस्वीकृत गरिनेछ । प्रस्ताव स्वीकृत/अस्वीकृतको सम्पुर्ण निर्णय गर्ने अधिकार नगरपालिकामा रहनेछ ।

२०८१/१०/१३
इन्द्र प्रसाद अधिकारी
अधिकृत आठौं

**नोटः थप जानकारीको लागि महालक्ष्मी नगरपालिका (पशु सेवा शाखा) वा पशु सेवा केन्द्र लामाटारमा सम्पर्क राख्नुहोला।**

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np